## Purbakhola Rural Municipality
## Office of the Municipal Executive
Purbakhola, Palpa
Lumbini Province, Nepal

### Invitation for Online Bids

Contract Identification No: **EGP/NCB/BC/PRM/11/2080-81**
First Date of publication: 2080/10/19 (02/02/2024)

1. Purbakhola Rural Municipality, Purbakhola,Palpa invites electronic bids from eligible bidders for the construction of **Siluwa health post building, Purbakhola-01, Palpa** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***[NRs 21 millions***
3. Minimum Work experience of similar size and nature: ***One Project of RCC frame structure building Nrs. 7281948.7.***
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office ***Municipal executive, Purbakhola Rural municipality, Purbakhola ,Palpa Contact No 9869003206, email purbakholaruralmun@gmail.com*** of may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
6. A complete set of Bidding Documents for e-submission may be downloaded from PPMO's Web Site www.bolpatra.gov.np./egp.
7. Pre-bid meeting shall be held at ***Purbakhola Rural Municipality Purbakhola,Palpa*** at ***13:00 hours on 2024/02/22***
8. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee **NRP. 5,000** of bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank;** Global IME Bank ltd, Purbakhola Branch
**Name of the office:** Purbakhola Rural Municipality, Purbakhola,Palpa
**Account no.: 14604010000009**
**Account name: GA.1.1 AANTARIK RAJASWO KHATA PURBAKHOLA**
9. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours on 2080/11/20 (2024/03/03)** at Purbakhola Rural Municipality, Purbakhola,Palpa. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security From commercial Bank in pdf format in case of e-bid,\ amounting to a minimum of **as mentioned below** which shall be valid for 30 days beyond the validity of bid period. Bidder's should submit through bank guarantee only.
10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. The Purbakhola Rural Municipality, Office of Municipal Executive, Purbakhola, Palpa reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error .

| Contract ID | Name of project | Price of bid documents | Bid security amount | Last Date of Submission | Technical Bid Opening |
|---|---|---|---|---|---|
| EGP/NCB/BC/ PRM/11/2080-81 | Construction of Siluwa health post building, Purbakhola-01, Palpa | Rs.5,000/- | Rs.520,000/- | 2080/11/20 (2024/03/03) 12:00 hrs | 2080/11/20 (2024/03/03) 13:00 hrs |

**Chief Administrative Officer**

## वैदेशिक.....

गर्दै आएको एसपी रेग्मीले बताए । उनका अनुसार प्रहरी अनुसन्धानको क्रममा २०७३ सालबाट आयुष मेनपावरलगायत विभिन्न मेनपावरहरूमा एजेन्टको रूपमा काम गर्दै आएका सुजनले करिब पाँच वर्ष एजेन्टको काम गरी विभिन्न व्यक्तिहरूलाई खाडी मुलुकमा पठाएका थिए । २०७७ सालमा ठगी तथा आपराधिक लाभसम्बन्धी कसुर मुद्दामा फरार रही नेपाल तथा भारतका विभिन्न स्थानमा लुकीछिपी बस्दै आएको समेत पाइएको छ । २०८० साल वैशाख महिनामा आफूलाई विकाश वाइवा भनी नक्कली परिचय दिई बालाजुमा 'युरो विङ्स एजुकेसन कन्सल्टेन्सी' सञ्चालन गरेका सुजनले सरकारी निकायका कर्मचारीलाई समेत युरोप पठाउने भनी रकम लिई नक्कली भिषा देखाई जागिर छोड्न लगाएका थिए भने विकाश वाइवाको नामबाट बैंक खाता खोली आफैँले हस्ताक्षर गरी वित्तीय कारबोर समेत गर्दै आएका थिए । उनी ललितपुर जिल्ला कोन्ज्योसोम गाउँपालिका वडा नम्बर ४ का स्थायी बासिन्दा हुन् ।

त्यस्तै, कर्म तामाङले भने सुजनको अनुपस्थितिमा कन्सल्टेन्सीमा रकम लिने गरेका थिए । कर्मको नाममा वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेको स्थितिमा पक्राउ गरिएको एसपी रेग्मीले बताए । नुवाकोट किस्पाङ १ स्थायी घर भएका ३२ वर्षीय कर्मले कन्सल्टेन्सीमा मार्केटिङ एजेन्ट तथा काउन्सलरको रूपमा काम गर्दै आएका थिए । कन्सल्टेन्सीले विभिन्न मुलुक जानका लागि प्रतिव्यक्ति शुल्क समेत निर्धारण गरेको थियो । क्यानडाका लागि १८ लाख रूपैयाँ, माल्टाका लागि आठ लाख रूपैयाँ, पोल्याण्डका लागि सात लाख रूपैयाँ र क्रोसियाका लागि छ लाख ५० हजार रूपैयाँ तोकेको थियो ।

प्रहरीले विदेश पठाउने नाममा ठगी गरेको आरोपमा अन्य तीन जनालाई पनि पक्राउ गरेको छ । पक्राउ गर्नेमा जगत ओली क्षेत्री, मिङमार लामा र भरत भट्टराई छन् । उनीहरु तीन जनाले विदेश पठाउने भन्दै युवामार्फत करिब छ लाख ५० हजार रूपैयाँ ठगी गरेका छन् । ओलीले रोमानिया पठाउने भन्दै विमान तामाङबाट एक लाख ५० हजार रूपैयाँ ठगी गरेका हुन् । सल्यान बंगाद कुपिन्डे नगरपालिका वडा नम्बर ७ घर भई हाल काठमाडौं महानगरपालिका वडा नम्बर २६ सामाखुसी बस्दै आएका ४२ वर्षीय ओलीले रोमानियास्थित होटलमा मासिक ७० हजार रूपैयाँ तलब हुन्छ भनी प्रलोभनमा पारी तामाङमार्फत उक्त रकम ठगी गरेका हुन् । लामाले क्रोसिया पठाइदिने भन्दै तीन लाख रूपैयाँ ठगी गरेको आरोपमा काठमाडौं महानगरपालिका वडा नम्बर ६ बाट पक्राउ गरिएको हो । सिन्धपाल्चोक पाँचपोखरी थाङपाल वडा नम्बर २ घर भई हाल बूढालीनकण्ड वडा नम्बर १२ कपन बस्दै आएका ४० वर्षीय लामाले क्रोसियास्थित प्रतिष्ठित कम्पनीमा मासिक एक लााख रूपैयाँ तलब हुने भनी पीडितबाट रकम ठगी गर्दै आएका थिए ।

भट्टराईले जापान पठाउने भन्दै बिमला लामाबाट दुई लाख रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । गारेखा पालुङटार नगरपालिका वडा नम्बर १ घर भई हाल काठमाडौं महानगरपालिका वडा नम्बर २६ समाखुसी बस्दै आएका भट्टराईले जापानको एक होटलमा काममा लगइदिने भन्दै लामाबाट उक्त रकम ठगी गरेका हुन् । भट्टराईलाई सामाखुसीबाट पक्राउ गरिएको एसपी रेग्मीले बताए । पीडितहरूले विभागमा उजुरी दिएपछि प्रहरीले उनीहरूको खोजी गरेको थियो । पक्राउपछि उनीहरूलाई प्रहरीले वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौं पठाएको छ ।

## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

गण्डकी प्रदेश, गोरखा जिल्ला, भिमसेनथापा गाउँपालिका वडा नं ०१ निवासी काजी मान गुभाजुको नाति, मान काजी प्रधानको छोरा नर बहादुर प्रधानको नामबाट यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को शाखा कार्यालय, घ्याम्पेसालमा खाता खोली कारोवार गर्दै आउनु भएकोमा उक्त खाताका संचालक नर बहादुर प्रधानको मिति २०७९-०६-०९ मा निधन भएको र उक्त खाता खोल्दाको बखत निजले इच्छाइएको व्यक्ति कोही पनि नराख्नु भएकोले हाल निजको छोरा खिर मान गुभाजुबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय :** बालुवाटार, काठमाण्डौं, फोन : ०१-४४२१८६१/६२/६३
www.shangrilabank.com

## हकदावीको सूचना

गण्डकी प्रदेश, लमजुङ जिल्ला, बाभ्राखेत गा.वि.स वडा नं ०१ स्थायी ठेगाना (हालको लमजुङ जिल्ला, बेसिशहर न.पा वडा नं १०) बस्ने दुध घलेको नाति, नर जित घलेको छोरी, अग्नी माया घलेको मिति २०८०/०५/३० गतेका दिनमा मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. २१८०५३४०००००४६८ मा भएको सम्पूर्ण रकम निज अग्नी माया घलेको भाईको हकवालाको हैसियतले आफूलाई उपलब्ध गराई पाउँ भनी निजको भाई ऋक मान घलेले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुदाँ उक्त निक्षेप उपर निवेदक ऋक मान घले बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ समेतको प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदक ऋक मान घले दावी बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
**शाखा कार्यालय**
**बेसिशहर ॥, लमजुङ**
फोन नं. : ०६६- ५२०७७३/७४

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/१०/०२ मा दर्ता भएको प्रा.लि.नं. ११८५५७ को **वेवसाएन टेक्नोलोजी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/१८ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बिर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल ।**

### बोलपत्रको आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशित मिति :- २०८०/१०/१९**

यस कार्यालयले मिति २०८०/०९/१३ गतेको **BTMMUN/WORKS/NCB-04/080-81** को **(Construction & Upgrading of Gokuljoshi Marga Blacktopped Road Works)** कार्यको दोस्रो पटक विद्युतिय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र (Single stage double envelope) आव्हान सम्बन्धी सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका तपशिलका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३४ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ङ) ५ अनुसार देहायको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलीने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपशिल :**

| सि.नं. | ठेक्का प्याकेज | प्राविधिक प्रस्तावबाट सारभूतरुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १. | BTMMUN/WORKS/NCB-04/080-81 | M/S Evergreen-Mahangkal J.V., Birtamode, Jhapa, Nepal | बिर्तामोड नगरपालिकाको कार्यालय, बिर्तामोड, झापा मिति : २०८०/१०/२६ दिनको २:०० बजे |
| | | M/S Jayalaxmi-Kanchan J.V., Birtamode, Jhapa | |
| | | M/S Siddithumka-Prashna J.V., Birtamode, Jhapa | |
| | | M/S Tara-Labi Kiran J.V., Bhojpur, Nepal | |
| | | M/S Maa Pathivara-Lucky-Charali J.V., Kankai, Jhapa | |
| | | M/S Sujal-Bikash-Numa J.V., Mechinagar, Jhapa | |

**बोधार्थ :**
**सबै सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि**

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय सरकार
## तारकेश्वर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

### नदिजन्य पदार्थको लिलाम बढाबढ सम्बन्धी शंसोधित सूचना (E – Bidding Only)

(प्रथम पटक प्रकाशित मिति : २०८०/१०/११ गते)
(संशोधित मिति : २०८०/१०/१९ गते)

यस गाउँपालिकाको क्षेत्रभित्र रहेका तापशिलमा उलेखित स्थानमा रहेको निम्न परिमाणको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) गाउँपालिकाको २०८०/०९/१९ को निर्णयअनुसार लिलाम बढाबढ गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रथम पटक मिति २०८०/१०/११ गते सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कानुन बमोजिम इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुबाट आफ्नो फर्मको नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र र आ. व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा म्याद थप पत्रको प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारिको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.सं. | ठेक्का नं. | विवरण | GPS Point | | उत्खनन् परिमाण (घ. फिट) | कुल न्युनतम कबोल अंक (मु. अ. कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | अक्षाश | देशान्तर | | | | | |
| १ | TRM/NUW/NCB/ R/G/01/2080-081 | तारकेश्वर गाउँपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली नदीको नदिजन्य पदार्थको उत्खनन् गरी बिक्री वितरण तथा निकासी गर्ने कार्य(तारकेश्वर गाउँपालिका -२ तारुकाटार) | २७°५०'५७.१" | ८५°०१'३७.३८" | १५,४२,५४५ | १,३८,८२,९०५ | कवोल अंकको ५ (पाँच) प्रतिशत। | ३०००.००/- | |

शर्तहरुः

१. बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट : www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धित कागजातहरु अपलोड गर्नुपर्नेछ। बोलपत्रको सूचना र कागजात गाउँपालिकाको वेवसाइट : www.tarakeshwormunnuwakot.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ ।
२. तारकेश्वर गाउँपालिका र बोलपत्रदाता बिचमा क्षेत्राधिकारका बिषयमा विवाद उत्पन्न भएमा आपसी समझदारिमा समाधान गरिनेछ । आपसी समझदारिमा समाधान नभएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सेयरबजारमा....

शून्य दशमलव २२, निर्जीवन बीमा एक दशमलव १५, होटल तथा पर्यटन शून्य दशमलव ७७ प्रतिशत, म्युचुअल फन्ड शून्य दशमलव २६ र व्यापार शून्य दशमलव शून्य एक प्रतिशतले घटेका छन् ।

समाज लघुवित्त वित्तीय संस्थाका सेयरधनीले सबैभन्दा धेरै छ दशमलव एक प्रतिशतले कमाएका छन् । सामलिङ पावर कम्पनीका सेयरधनीले सबैभन्दा धेरै नौ दशमलव ४२ प्रतिशतले गुमाएका छन् । हिमायलन रि-इन्स्योरेन्सको सेयर कारोबार सबैभन्दा धेरै ५४ करोड रूपैयाँको भएको छ ।

## एक...

आएका छन् । नेपाल पर्यटन बोर्डले सन् २०२४ को जनवरी महिनामा ७९ हजार एक सय विदेशी पर्यटक नेपाल घुम्न आएको जनाएको छ । यो संख्या सन् २०२३ को जनवरीको तुलनामा २४ हजार २६ ले बढी हो । गतवर्ष जनवरीमा ५५ हजार ७४ जना विदेशी पर्यटक नेपाल आएका थिए ।

नेपाल घुम्न आउनेमध्ये सबैभन्दा बढी भारतीय पर्यटक छन् । जवनरी महिनामा २४ हजार एक सय ३९ जना भारतीय पर्यटक नेपाल आएका छन् । गतवर्ष जनवरीमा १६ हजार चार सय ३६ भारतीय पर्यटक नेपाल आएका थिए ।

भारतपछि चिनियाँ पर्यटक धेरै आएका छन् । जनवरीमा चिनियाँ पर्यटक सात हजार दुई सय ६७ जना, अमेरिकी पर्यटक सात हजार ४७ जना, थाइल्याण्डबाट चार हजार छ सय १९ जना पर्यटक नेपाल घुम्न आएका छन् ।

यस्तै दक्षिण कोरियाबाट तीन हजार आठ सय १२ जना, बंगलादेशबाट तीन हजार छ सय २९ जना, अष्ट्रेलियाबाट तीन हजार चार सय २१ जना, बेलायतबाट तीन हजार दुई सय ७६ जना, भुटानबाट दुई हजार दुई सय २९ जना र जापानबाट एक हजार पाँच सय ६८ जना विदेशी पर्यटक नेपाल आएका छन् ।

Find us on :
facebook/
aarthikdainik